संवत् २०७५ सालको ऐन नं. .....

# वातावरण संरक्षण ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : वातावरण संरक्षण ऐन, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वातावरण संरक्षण ऐन, २०५३ को प्रस्तावनामा संशोधन : वातावरण संरक्षण ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न" भन्ने शब्दहरुको सट्टा "नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ :–

"(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"

४. मूल ऐनमा दफा ६क.थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :–

"६क. रोक लगाउन सक्ने : (१) कसैले कुनै प्रस्ताव दफा ६ बमोजिम स्वीकृति नलिई कार्यान्वयन गरेमा वा स्वीकृत भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा तोकिएको अधिकारीले दफा १८ को उपदफा (१) बमोजिम त्यस्तो प्रस्ताव कार्यान्वयनमा तुरुन्त रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा प्रस्तावकले कुनै किसिमको क्षतिपूर्तिको लागि दाबी लिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयनमा रोक लगाइएको प्रस्ताव मध्ये स्वीकृति नलिएको प्रस्तावको हकमा दफा ६ बमोजिमको प्रक्रिया पुरा गरी स्वीकृति प्राप्त गरेमा र स्वीकृत भए भन्दा विपरीत कार्यान्वयन भएको प्रस्तावको हकमा प्रस्ताव बमोजिम हुने गरी सुधार गरेमा तोकिएको अधिकारीले त्यस्तो प्रस्तावको कार्यान्वयन फुकुवा गर्न सक्नेछ ।”

५. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :–

"(५) उपदफा (२) र (३) बमोजिम वातावरण निरीक्षकले निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले देहाय बमोजिम जरिबाना गर्न सक्नेछ :–

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँसम्म,

(ख) निरीक्षण गर्न सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँसम्म ।"

६. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. वातावरण संरक्षण सम्बन्धी विशेष व्यवस्था : (१) नेपाल सरकारले प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसँग परामर्श गरी वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सम्बन्धित निकायसँगको समन्वयमा नेपाल सरकारले कुनै क्षेत्र वा क्षेत्रफल निर्धारण गरी कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले

खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र तथा खुला वा हरियाली क्षेत्र भित्र तोकिए बमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्याधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्याधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा नेपाल सरकारले सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय

पुनर्स्थापनाको लागि कुनै उपयुक्त आदेश गर्न सक्नेछ ।

(५) नेपाल सरकारले कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्याधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भई त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदुषणजन्य क्षेत्रको रुपमा कायम राखी राख्न आवश्यक नभएमा नेपाल सरकारले त्यस्तो स्थानलाई संवेदनशील क्षेत्र वा प्रदुषणजन्य क्षेत्रको रुपमा कायम नराख्न सक्नेछ ।

(७) वातावरण संरक्षणको लागि यस दफा बमोजिम कायम गरिएका वा तोकिएका क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "स्थानीय समुदाय" भन्नाले त्यस्तो क्षेत्रभित्र वा सोको वरिपरि बसोबास गर्ने समुदाय सम्झनु पर्छ ।

(८) उपदफा (७) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ ।"

७. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम ।"

८. <u>मूल ऐनको दफा १७ मा संशोधन</u> : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :–

"१७. <u>क्षतिपूर्ति भराईदिने</u> : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनी, ताप वा हानिकारक फोहरमैलाको सिर्जना वा निष्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत तोकिएको अधिकारी समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनका सम्बन्धमा तोकिएको

अधिकारीले छानबिन तथा जाँचबुझ गर्दा हानि नोक्सानी भएको ठहऱ्याएमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।”

९. <u>मूल ऐनको दफा १८ मा संशोधन</u> : मूल ऐनको दफा १८ को,–

(१) उपदफा (१) मा रहेका “एक लाख रुपैयाँसम्म” भन्ने शब्दहरुको सट्टा “पाँच लाख रुपैयाँ देखि पच्चीस लाख रुपैयाँसम्म” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका “पचास हजार रुपैयाँसम्म” भन्ने शब्दहरुको सट्टा “एक लाख रुपैयाँसम्म” भन्ने शब्दहरु राखिएका छन् ।

भाद्र २८, २०७५ मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधन सहित पारित गरेको र भाद्र ३०, २०७५ मा बसेको प्रतिनिधि सभाको बैठकले यो विधेयकलाई संशोधनविना पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

.........................................

गणेश प्रसाद तिमिल्सिना

अध्यक्ष

राष्ट्रिय सभा

राष्ट्रिय सभा अध्यक्षबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

..................................

(विद्यादेवी भण्डारी)

राष्ट्रपति

मिति :२०७५/....../.....